## मिति २०८०/०३/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगञ्ज उप-महानगरपालिको आ.व. २०८०/०८१ को स्वीकृत योजना/कार्यक्रम र बजेटमा रकमान्तरको लागि महाशाखा, शाखा तथा वडा कार्यालयहरुबाट पेश भए अनुसार स्वीकृतिका लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालगञ्ज उप-महानगरपालिका रोजगार सेवा केन्द्रमा विभिन्न वडा कार्यालयहरुबाट पेश हुन आएका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आ.व. २०८०/०८१ मा संचालन हुने थप योजनाहरु स्वीकृतिका लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक, निजी साझेदारी **(PPP)** मार्फत कार्यान्वयनको स्वीकृतिका लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिका नगर क्षेत्रमा सूर्तिजन्य पदार्थको नियमन संघीय तथा प्रचलित कानून बमोजिम गर्न स्वीकृतिका लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन,२०८० दफा १३, अनुसूची-१२ को १(ङ) मा छाडा पशुहरु पक्राउ गरि कान्जी हाउसमा राखिए वापत विभिन्न पशु चौपायाहरुको प्रतिदिन प्रतिजीव सम्बन्धित पशुधनीलाई जरिवानाको ब्यवस्था उल्लेख भएकोमा सो रकम कमी भएकोले तपसिल बमोजिमको पशुहरुको लागि तपसिल बमोजिमको जरिवाना स्वीकृतिका लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१) बयस्क घोडा, खच्चड, गधा (प्रतिदिन प्रतिजीव) रु.५०००.००।-

२) बच्चा (बछेडा) घोडा, खच्चड, गधा (प्रतिदिन प्रतिजीव) रु.२०००.००।-

**निर्णय नं. ६**

नेपालगञ्ज उप– महानगरपालिकामा आगामी आ.व. २०८१/८२ का लागि समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौंमा पठाउने निर्णय गरियो।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः



CamScanner

## मिति २०८०/०९/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

संघीय समपूरक अनुदान अन्तर्गतका योजनाहरु

| क्र.सं | योजना/कार्यक्रमको नाम | वडा नं | कुल रकम रु. | उप-महानगरपालिकाले व्यहोर्ने रकम रु. | संघले व्यहोर्ने रकम रु. | अवधि |
|---|---|---|---|---|---|---|
| १. | नटनपुर चोकदेखि सुक्रामपुर्वा हुदै रमेशपुर्वा, नयाँवस्ती, जयजनता मावि कोहलपुर सिमानासम्म जोड्ने बाटो निर्माण | २० | ५,४५,२३,२५०।६८ | २,७२,६१,६२५।३४ | २,७२,६१,६२५।३४ | १ वर्ष |
| २. | हनुमानगडीमा भौतिक संरचना निर्माण तथा ल्याण्ड स्केपिङ्ग कार्य | ०२ | ५,०७,७३,६२८।१० | २,५३,८६,८१४।०५ | २,५३,८६,८१४।०५ | १ वर्ष |

संघीय विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु

| क्र.सं | योजना/कार्यक्रमको नाम | कुल रकम रु. | अवधि |
|---|---|---|---|
| १. | शैक्षिक सुधार कार्यक्रम | १,७०,००,०००।०० | १ वर्ष |
| २. | लक्षित वर्गका व्यक्तिहरुलाई नव प्रवर्द्धनमा आधारित उद्यम विकास सृजना र क्षमता विकास कार्यक्रम | ११,२२,००,०००।०० | ३ वर्ष |
| ३. | गरिबी विरुद्ध महिला कार्यक्रम | २,२४,००,०००।०० | २ वर्ष |

**निर्णय नं. ७**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट विभिन्न समयदेखि कामकाजमा खटाईएका श्रेणीविहिन कर्मचारीहरु कुचिकार, माली, चौकिदार, ड्राईभर जस्ता पदमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई स्वीकृत दरबन्दीमा नबढ्ने गरी बढीमा २०८१ असार मसान्त सम्म निरन्तरता दिने गरी अनुमोदन गर्ने र निजहरुको ज्याला जिल्ला दररेटका आधारमा वडाको आवश्यकता अनुसार वडा समितिबाट निर्णय गराई सम्बन्धित वडा कार्यालयबाट डोर हाजिर अनुसार नै भुक्तानी दिन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८०/०९/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ८**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका ई-रिक्सा चलाउने चालकहरु पहिचानको लागि ई-रिक्सा चालक अनुमतिपत्र (अस्थायी) वितरण कार्य गर्न मिति २०८०/०४/२९ मा ठेक्का सूचना प्रकाशन भै नेपाल ई-रिक्सा ब्यवस्थापन प्रा.लि.ने.ग.९,बाँकेसँग सम्झौता भई सकेकोमा नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०८०/०८/१४ गतेको निर्णयानुसार ई-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि,२०७८ (पहिलो संशोधन) बमोजिम ई-रिक्सा चालक परिचयपत्र बनाई ई-रिक्सा चालकहरुलाई वितरण कार्य गर्नुपर्ने भएकोले निज प्रा.लि.सँगको ठेक्का सम्झौता रद्द गरी नयाँ ठेक्का सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नेपालगञ्ज उप-महानगरपालिकाले ई-रिक्साको अनुगमन र व्यवस्थापनको क्रममा विभिन्न मितिमा दोस्रो चरणमा नियन्त्रणमा लिएका ई-रिक्साहरुको सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

क) साविक गा.वि.स./नगरपालिकामा दर्ता भएका ई-रिक्सा धनीहरुको निवेदन लिई आवश्यक कागजात जाँच गरी अब उप्रान्त प्रचलित कानूनको अधिनमा रही ई-रिक्सा चलाउने भन्ने कागजात गराई ई-रिक्सा व्यवसायी संघका प्रतिनिधि समेतलाई रोहबरमा राखी सम्बन्धीत व्यक्तिलाई फिर्ता गर्ने ।

ख) वेल्डिङ्ग गरिएका, चेसिस नम्बर नभएका र चेसिस नम्बर नमिलेका ई-रिक्साहरुको धनीहरुले फिर्ता पाउन निवेदन दिएमा अब उप्रान्त सञ्चालन गर्न नपाउने र प्रयोग नहुने गरी कागज गराई ई-रिक्सा व्यवसायी संघका प्रतिनिधि समेतलाई रोहबरमा राखी सम्बन्धीत व्यक्तिलाई फिर्ता दिने ।

**निर्णय नं. १०**

यस नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिका अन्तर्गत रहेका विभिन्न महाशाखा/शाखा र वडा कार्यालयहरुमा कार्यरत सेवा करारमा रहेका गत विगत आ.व. देखि र चालु आ.व. को पुस मसान्तसम्म निरन्तर रुपमा कामकाज गर्दै आईरहेका कर्मचारीहरुको साविकको सेवा सुविधा निरन्तर रहने गरी मिति २०८१ असार मसान्त सम्म सेवा करारको म्याद थप गर्ने र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई समेत आवश्यकताका आधारमा २०८१ असार मसान्त सम्म कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

नेपालगञ्ज उप-महानगरपालिकाको अश्व तबेला तथा कसगरहरुको कल्याणकारी एवं सुरक्षित आवास कार्यक्रम संचालन कार्यविधि, २०८० को मस्यौदा उपर व्यापक छलफल गर्दा विभिन्न दफाहरुमा आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

Sangam®

## मिति २०८०/०९/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १२

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका अन्तर्गतका वडाहरुमा सडक वत्ती व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि नगर कार्यपालिकाको वैठकमा विभिन्न समयमा छलफल भएको, मिति २०८०/०६/२४ गतेको कार्यपालिकाको वैठकमा समेत विद्युत्त उप-शाखामा कर्मचारीहरु थप गरी व्यवस्थापन गर्ने विषयमा छलफल भए अनुसार मिति २०८०/०७/०१ गते देखि ईलेक्ट्रिसियन १(एक) जना र सहयोगी २ (दुई) जना लाई कामकाजमा लगाईएको हुँदा निजहरुलाई अर्को व्यवस्था नभएसम्म दैनिक ज्यालादारीमा जिल्ला दररेटका आधारमा सुविधा भुक्तानी गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका